"केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको ऐन,२०७५" को तीन महले विवरण ।

| क्र.सं. | ऐन र ऐनको दफा | मौजुदा व्यवस्था | संसोधनको लागि प्रस्ताव गरिएको नयाँ व्यवस्था | संसोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| १ | प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७४ को दफा २(ख) | प्रदेश भन्नाले प्रदेश नं. ४ सम्झनु पर्छ । | प्रदेश भन्नाले **गण्डकी प्रदेश** सम्झनु पर्छ । | मिति २०७५-०३-२२ गते प्रदेश सभाको बैठकले यस प्रदेशको नामाकरण **गण्डकी प्रदेश** गर्ने प्रस्ताव नेपालको संविधानको धारा २९५ को उपधारा (२) बमोजिम पारित गरेकोले । |
| २ | प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २ को उपदफा (ष) | प्रदेश भन्नाले प्रदेश सरकार प्रदेश नं. ४ लाई जनाउँछ । | प्रदेश भन्नाले प्रदेश सरकार **गण्डकी प्रदेश** लाई जनाउँछ । | मिति २०७५-०३-२२ गते प्रदेश सभाको बैठकले यस प्रदेशको नामाकरण **गण्डकी प्रदेश** गर्ने प्रस्ताव नेपालको संविधानको धारा २९५ को उपधारा (२) बमोजिम पारित गरेकोले । |
| ३ | मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४ दफा ८ | मन्त्रीलाई उपचारको निमित्त प्रदेश सरकारले स्वास्थ्य बीमाको लागि वार्षिक दश हजारसम्मको बिल रकम वा प्रिमियम मध्ये जुन घटिहुन्छ सो रकम उपलब्ध गराउनेछ । | मन्त्रीलाई उपचारको निमित्त प्रदेश सरकारले प्रिमियम वापत वार्षिक दश हजारसम्म वा बील रकम मध्ये जुन घटि हुन्छ सो वापतको रकम उपलब्ध गराइनेछ । | उपचार व्यवस्थालाई थप स्पष्ट गर्न । |
| ४ | (१) प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७४ | विपक्षी दलको नेतालाई आवास उपलब्ध गराउने । | विपक्षी दलको नेतालाई घरभाडा वापत मासिक रु २००००/- (अक्षरेपी बीस हजार मात्र) उपलब्ध गराउने । | विपक्षी दलको नेतालाई आवास सुविधा दिनु पर्ने भएकोले । |

| क्र.सं. | ऐन र ऐनको दफा | मौजुदा व्यवस्था | संसोधनको लागि प्रस्ताव गरिएको नयाँ व्यवस्था | संसोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | दफा ६(१) सँग सम्बन्धित अनुसूची १, विषय खण्ड ४ को कोलम ५ | | | |
| | (२) प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७४ दफा ७ | | | |
| | (अ) (क) दफा ७(१) | सभामुख, उपसभामुख र विपक्षी दलको नेतालाई सवारी साधन एक र अनुसूची-१ मा उल्लेख भए बमोजिमको सवारी इन्धन र मोबिल उपलब्ध गराइनेछ । | सभामुख, उपसभामुख, विपक्षी दलको नेता, समितिको सभापति र दलका सचेतकलाई सवारी साधन एक र अनुसूची-१ मा उल्लेख भए बमोजिमको सवारी इन्धन र मोबिल उपलब्ध गराइनेछ । | प्रदेश सभाको कामको सिलसिलामा व्यस्त रहनुपर्ने र विभिन्न स्थानको भ्रमण तथा अवलोकन गर्नुपर्ने भएकोले सरकारी सवारी साधन र इन्धनको सुविधा आवश्यक भएको । |
| | (ख) अनुसूची-१ को विषय खण्ड ७, कोलम ५ र ६ | - | ९०/९० लिटर | |
| | (ग) अनुसूची-१ को विषय खण्ड ८, कोलम ५ र ६ | - | ५/५ लिटर | |
| | (आ) उपदफा (५) मा विषय खण्ड १३ | | सवारी साधन उपलब्ध नगराइएको सदस्यलाई प्रदेश सभाको वा कुनै समिति वा उपसमितिको बैठकमा भाग लिएको प्रत्येक दिनको निमित्त यातायात सुविधा | ऐन बनाउँदा अनुसूचीमा व्यवस्था छुट भएकोले । |

| क्र.सं. | ऐन र ऐनको दफा | मौजुदा व्यवस्था | संसोधनको लागि प्रस्ताव गरिएको नयाँ व्यवस्था | संसोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | | वापत " रु. ७५०।- उपलब्ध गराइनेछ । | |
| | (३) अनुसूची -१ को द्रष्टव्य - (३) | दलका सचेतक, विपक्षी दलका नेता र समितिका सभापतिको लागि सवारी साधन खर्च बापत मासिक दश हजार उपलब्ध गराइनेछ । | झिकिएको छ । | दफा ७(१) समितिको सभापति र दलका सचेतकलाई सवारी साधन एक र अनुसूची-१ मा उल्लेख भए बमोजिमको सवारी इन्धन र मोबिल उपलब्ध गराउने व्यवस्था गरिएकोले साविकको द्रप्टव्य झिकिएको । |
| ५ | (क) विनियोजन ऐन, २०७५ को अनुसूची १ | नेपालको संविधान बमोजिम **प्रदेश नं. ४** प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम । | नेपालको संविधान बमोजिम **गण्डकी प्रदेश** प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम । | मिति २०७५-०३-२२ गते प्रदेश सभाको बैठकले यस प्रदेशको नामाकरण **गण्डकी प्रदेश** गर्ने प्रस्ताव नेपालको संविधानको धारा २९५ को उपधारा (२) बमोजिम पारित गरेकोले । |
| | (ख) विनियोजन ऐन, २०७५ को अनुसूची २ | प्रदेश नं. ४ प्रदेश सञ्चित कोषबाट व्ययभार हुने रकम । | **गण्डकी प्रदेश**, प्रदेश सञ्चित कोषबाट व्ययभार हुने रकम । | मिति २०७५-०३-२२ गते प्रदेश सभाको बैठकले यस प्रदेशको नामाकरण **गण्डकी प्रदेश** गर्ने प्रस्ताव नेपालको संविधानको धारा २९५ को उपधारा (२) बमोजिम पारित गरेकोले । |

| क्र.सं. | ऐन र ऐनको दफा | मौजुदा व्यवस्था | संसोधनको लागि प्रस्ताव गरिएको नयाँ व्यवस्था | संसोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| ६ | कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १ को उपदफा (३) | यो ऐन **प्रदेश नं. ४** भर लागू हुनेछ र यस ऐन बमोजिमको कर वा राजस्व बुझाउनु पर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भए पनि निजको हकमा समेत लागू हुनेछ । | यो ऐन **गण्डकी प्रदेश** भर लागू हुनेछ र यस ऐन बमोजिमको कर वा राजस्व बुझाउनु पर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भए पनि निजको हकमा समेत लागू हुनेछ । | मिति २०७५-०३-२२ गते प्रदेश सभाको बैठकले यस प्रदेशको नामाकरण **गण्डकी प्रदेश** गर्ने प्रस्ताव नेपालको संविधानको धारा २९५ को उपधारा (२) बमोजिम पारित गरेकोले । |
| ७ | प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ को दफा १ को उपदफा (३) | यो ऐन प्रदेश नं. ४ भर लागू हुनेछ । | यो ऐन **गण्डकी प्रदेश** भर लागू हुनेछ । | मिति २०७५-०३-२२ गते प्रदेश सभाको बैठकले यस प्रदेशको नामाकरण **गण्डकी प्रदेश** गर्ने प्रस्ताव नेपालको संविधानको धारा २९५ को उपधारा (२) बमोजिम पारित गरेकोले । |

# केही प्रदेश कानूनलाई संशोधन गर्न वनेको विधेयक

प्रस्तावना : साविकको प्रदेश नं. ४ को नामाकरण गण्डकी प्रदेश राखिएकोले सोही बमोजिम हालसम्म यस प्रदेशबाट जारी भएका कानूनमा संशोधन गर्न तथा पारिश्रमिक सम्बन्धी कानूनमा रहेका केही व्यवस्थालाई समेत संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको ऐन,२०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७४ मा संसोधनः-** प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७४ को,-

(१) दफा २ उपदफा (ख) मा रहेको "प्रदेश भन्नाले प्रदेश नं. ४ सम्झनु पर्छ" भन्ने शब्दको सट्टा "प्रदेश भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ" भन्ने शब्द राखिएको छ ।

३. **प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४** मा संसोधनः- प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को,-

(१) दफा २ को उपदफा (ष) मा रहेको "प्रदेश भन्नाले प्रदेश सरकार प्रदेश नं. ४ लाई जनाउँछ" भन्ने शब्दको सट्टा "प्रदेश भन्नाले प्रदेश सरकार गण्डकी प्रदेश लाई जनाउँछ " भन्ने शब्द राखिएको छ।

४. **मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४ मा संसोधन :-** मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४ को,-

(१) दफा ८ मा रहेको " वार्षिक दश हजारसम्मको बिल रकम वा प्रिमियम मध्ये जुन घटि हुन्छ सो रकम उपलब्ध गराउनेछ" भन्ने शब्दहरुको सट्टा "प्रिमियम वापत वार्षिक दश हजारसम्म वा बील रकम मध्ये जुन घटि हुन्छ सो वापतको रकम उपलब्ध गराइनेछ" भन्ने शब्दहरु राखिएका छन् ।

५. **प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७४ मा संसोधनः-** प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७४ को ,-

(१)  दफा ६(१) सँग सम्बन्धित अनुसूची-१, विषय खण्ड ४ को कोलम ५ मा रहेको विपक्षी दलको नेतालाई "आवास उपलब्ध गराउने" भन्ने शब्दको सट्टा "विपक्षी दलको नेतालाई घरभाडा वापत मासिक रु २०,०००/- (अक्षरेपी बीस हजार मात्र) उपलब्ध गराउने" भन्ने शब्दहरु राखिएका छन् ।

(२)  दफा ७ को,

(अ)  उपदफा (१) मा,

(क) "सभामुख, उपसभामुख र विपक्षी दलको नेता" भन्ने शब्द पछि "समितिको सभापति र दलका सचेतक" भन्ने शब्दहरु थपिएका छन् ।

(ख) अनुसूची-१ को विषय खण्ड ७, कोलम ५ र ६ मा "९०/९० लिटर" भन्ने शब्दहरु थपिएका छन् ।

(ग) अनुसूची-१ को विषय खण्ड ८, कोलम ५ र ६ मा "५/५ लिटर" भन्ने शब्दहरु थपिएका छन् ।

(आ)  उपदफा (५) मा,

(क) अनुसूची-१ को विषय खण्ड १२ पछि विषय खण्ड १३ थप गरी सवारी साधन उपलब्ध नगराइएको सदस्यलाई प्रदेश सभाको वा कुनै समिति वा उपसमितिको बैठकमा भाग लिएको प्रत्येक दिनको निमित्त यातायात सुविधा वापत " रु. ७५०।-" थपिएको छ ।

(३) अनुसूची -१ को द्रष्टव्य - (३) झिकिएको छ ।

६.  **<u>विनियोजन ऐन, २०७५ मा संसोधन</u>:-** विनियोजन ऐन, २०७५ को,-

(क)  अनुसूची १ मा रहेको "नेपालको संविधान बमोजिम प्रदेश नं. ४ प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम "भन्ने शब्दको सट्टा "नेपालको संविधान बमोजिम गण्डकी प्रदेश प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम" भन्ने शब्द राखिएको छ।

(ख)  विनियोजन ऐन, २०७५ को अनुसूची २ मा रहेको " प्रदेश नं. ४ प्रदेश सञ्चित कोषबाट व्ययभार हुने रकम " भन्ने शब्दहरुको सट्टा "गण्डकी प्रदेश, प्रदेश सञ्चित कोषबाट व्ययभार हुने रकम " भन्ने शब्द राखिएको छ।

७.  **<u>कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ मा संसोधन</u>**:- कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को,-

(क) दफा १ को उपदफा (३) मा रहेको "यो ऐन **प्रदेश नं. ४** भर लागू हुनेछ" भन्ने शब्दको सट्टा " यो ऐन **गण्डकी प्रदेश** भर लागू हुनेछ" भन्ने शब्द राखिएको छ ।

८. **<u>प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ मा संसोधन</u>:-** प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ को,-

(क) दफा १ को उपदफा (३) मा रहेको "यो ऐन प्रदेश नं. ४ भर लागू हुनेछ " भन्ने शब्दहरुको सट्टा " यो ऐन गण्डकी प्रदेश भर लागू हुनेछ" भन्ने शब्द राखिएको छ ।